# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. :

## परामर्श सेवाको लागि आशयपत्र (Expression of Interest) पेश गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८०।१०।२२)

यस नगरपालिकाको चालु आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सँगको सहकार्यमा राइनास नगरपालिकाको राजस्व सुधार कार्ययोजना निर्माण गर्नुपर्ने भएकोले सोको लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक नेपालको प्रचलित नियमानुसार दर्ता भएका र योग्यता पुगेका संस्था (फर्म, कम्पनी, संस्था) हरूबाट उक्तसेवा उपलब्ध गराउने सम्बन्धी सार्वजनिक खरिद सम्बन्धी ऐन, २०६३ को दफा ३० र नियमावली २०६४ को नियम ७० बमोजिम आशयपत्र आह्वान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र (सो दिन बिदा भएमा सोको भोलिपल्ट) कार्यालय समयभित्र यस राइनास नगरपालिकामा आइपुग्ने गरी तोकिएको ढाँचामा आशयपत्र पेश गर्न सकिनेछ। आशयपत्रको ढाँचा, छनौटको आधार र परामर्श सेवा सम्बन्धी कार्यविवरण यस नगरपालिकाको वेभसाइट www.rainasmun.gov.np मा राखिएको छ ।

<u>तपसिल:</u>

**आशयपत्र दाताको न्यूनतमा योग्यता:**

क) प्रचलित कानून अनुसार दर्ता, नविकरण भएको,
ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको,
ग) आ.व. २०७९/०८० कर चुक्ताको प्रमाणपत्र भएको, र
घ) सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्षको संस्थागत कार्यअनुभव भएको।

**अन्य जानकारी:**

१. आशयपत्र तयार गर्ने सम्बन्धी आवश्यक निर्देशन सहित आशयपत्रको लागि निर्धारित ढाँचा तोकिएको छ । उक्त निर्देशन पालना नभएको तथा तोकिएको ढाँचा तयार नभएको आशयपत्र उपर कुनै कारबाही गरिने छैन। आशयपत्रमा अनिवार्य रूपमा संस्थाको आधिकारिक सहीछाप हुनुपर्नेछ।
२. आवेदकले आशयपत्रसाथ हिमालयन बैंक लि. मा राइनास नगरपालिकाको नाममा रहेको ग १.१. आन्तरिक राजश्व खाता नं. २५५५३७६५२०१८४ मा फारम दस्तुर बापतको रु १,००० जम्मा गरेको वा राजश्व शाखाबाट दस्तुर तिरेको रसिद सहित तोकिएको ढाँचामा आवश्यक सबै कागजातहरू पेश गर्नुपर्नेछ।
३. प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने समयावधि सम्झौता पछिको ६० दिन तोकिएको छ।
४. यो परामर्श सेवा प्रदान गर्नका लागि कुनै पनि व्यक्ति वा संस्थासँग उप-सम्झौता (Sub Contract) गर्न पाइने छैन।
५. संक्षिप्त सूचीमा परेका उत्कृष्ट (सबैभन्दा धेरै अंक प्राप्त गर्ने) ३ देखि ६ वटा संस्थाहरूबाट मात्र प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।
६. आशयपत्र पेश गर्ने स्थान: राइनास नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, तीनपिप्ले, लमजुङ, गण्डकी प्रदेश, नेपाल।
७. विस्तृत जानकारीका लागि नगरपालिकाको वेभसाइट www.rainasmun.gov.np मा राखिएको डकुमेन्ट अध्ययन गर्न सकिनेछ र त्यसमा पनि स्पष्ट हुन नसकेका विषय भएमा कार्यालयमा कार्यालय समयभित्र सोधबुझ गर्न सकिनेछ।

(सम्पर्क ९८४७० ९२४६४)

२०८०।१०।२२
.........................
(प्रकाशराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत